बालविवाहको अन्त्य, हामी सबैको सरोकार
समुन्नत समाज, सुनिश्चित बाल अधिकार

गुड नेवर्स इन्टरनेशनल नेपाल
एकान्तकुना १३, ललितपुर, नेपाल
फोन : ५५३८७५८, ५५२०४९३, ५५३२०४६

Good Neighbors International

बाल अधिकारको सम्वर्द्धन :
नेपालमा बालविवाहको अन्त्य

awasar

# बालकचहरी संचालन निर्देशिका

## परिचय

गुड नेवर्स इन्टरनेशनल नेपालले सन् २००२ देखि समाज कल्याण परिषद्को सम्झौता अनुरूप शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता, आयआर्जन, बाल संरक्षण, पैरवी र विपद् व्यवस्थापन आदि क्षेत्रमा नेपालका विभिन्न २२ वटा जिल्लाहरूमा साझेदार संस्थाहरूमार्फत आफ्ना क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ ।

बालबालिकालाई सबै प्रकारको हिंसा र दुर्व्यवहारबाट सुरक्षित राख्न स्थानीय स्तरमा बाल संरक्षण प्रणाली सुदुढ गर्ने तथा आफ्नो अधिकार दाबी गर्न सक्षम तथा जागरूक गराउने जस्ता उद्देश्यका साथ बाल अधिकार तथा बाल संरक्षणको क्षेत्रमा निरन्तर काम गर्दै आइरहेको छ ।

## पृष्ठभूमि

कुनै सामाजिक सरोकारको विषय, समस्या वा सवालमा सभा/छलफल गरी निचोडमा पुग्ने माध्यमका रूपमा "कचहरी" (अन्तर्क्रिया) लाई परापूर्वकालदेखि नेपालका गाउँवस्तीहरूमा प्रयोग गरिदै आएको छ । बालकचहरी दुईवटा शब्दहरूबाट मिलेर बनेको छ । नेपाली बृहत शब्दकोषका अनुसार "बाल" भन्नाले बालक, केटाकेटी वा साह्रै सानो उमेरको व्यक्ति र "कचहरी" भन्नाले सभा, गोष्ठी भनेर बुझिन्छ । यसर्थ बालकचहरी भन्नाले बालबालिकाहरूको सभा, गोष्ठी भन्ने बुझिन्छ ।

## औचित्य तथा सार्न्दभिकता

बालबालिकाहरूको हकहितको संरक्षण र विकासको लागि सरकारी तथा गैर सरकारी निकायहरूबाट विगतमा सञ्चालन गरिएका विभिन्न प्रयासहरूका बावजुद बालबालिकाको स्थितिमा आशातित सुधार आउन सकेको छैन ।

नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३९ले बालबालिकाको हक सम्बन्धी स्पष्ट व्याख्या गरेको भए पनि बालबालिकाहरू माथि हुने गरेका शारीरिक, मानसिक तथा यौनहिंसा लगायतका घटनाहरूमा कमी आएको देखिंदैन । संविधानले निर्धारण गरेको विवाह योग्य उमेर अगावै कतिपय बालबालिकाहरू घरपरिवारको दबावमा बालविवाहको शिकार हुन बाध्य भईराखेका छन् । बालबालिकाको विवाह तय गर्ने, बालबालिकासँग विवाह गर्ने/गराउने घटनाहरूमा अपेक्षित कमी आएको देखिँदैन ।

बालविवाह एक सामाजिक समस्या मात्र नभएर यसले बालबालिकाको शारीरिक,



### ३) राष्ट्रिय स्तरीय बालकचहरी :

पालिका तथा प्रदेश स्तरीय बालकचहरीबाट पहिचान भएका बालबालिकाका प्रमुख समस्या तथा सवालहरूलाई राष्ट्रियस्तरमा उठाई बालविवाह न्यूनीकरणको लागि संघीय सरकारलाई थप ठोस कार्ययोजना बनाउन सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्रिय स्तरमा नोभेम्बर २० मा विश्व बाल दिवसको सन्दर्भ पारेर एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिनेछ । यसै कार्यक्रममा सम्बद्ध सरोकारवालाहरू गुड नेवर्स इन्टरनेशनल नेपालको तर्फबाट नेपालमा बालविवाहको वर्तमान अवस्था तथा आगामी कार्य दिशा सम्बन्धमा अनुसन्धनात्मक प्रतिवेदन समेत हस्तान्तरण गरिनेछ । यस कार्यक्रममा संघीय सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, तथा विषयगत मन्त्रालय, सांसद, मन्त्रालयका सचिव, केन्द्रिय बाल कल्याण समिति, बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था तथा बाल अधिकारकर्मी, पत्रकार, कानून व्यवसायी लगायतको उपस्थिति रहने छ । यो कार्यक्रमको व्यवस्थापन गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थाले गर्नेछ ।

### ४) प्रतिवेदन लेखन :

पालिका तथा प्रदेश स्तरीय बालकचहरीमा उठेका सबै विषय, मुद्दा, सवाल र तिनीहरूको समाधानार्थ व्यक्त प्रतिवद्धता समेतलाई समेटी, मुख्य विषय वा सवाललाई बुँदागत रूपमा विश्वसनीय स्रोतहरू उल्लेख गरी छोटो तर विस्तृत, र स्पष्ट प्रतिवेदन तयार गर्नु पर्दछ । सम्बन्धित साझेदार संस्थाले पालिका स्तरीय बालकचहरी सम्पन्न भए पश्चात त्यसको प्रतिवेदन जिल्ला स्थित गुड नेवर्स इन्टरनेशनल नेपालको कार्यालयलाई यथाशक्य छिटो बुझाउनु पर्नेछ । गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला कार्यालयले उक्त प्रतिवेदनलाई पुनः संशोधन तथा परिष्कृत गरी केन्द्रिय कार्यालयमा पठाउनु पर्नेछ ।

| समय | क्रियाकलापको नाम | कैफियत |
|---|---|---|
| १० मिनेट | ग) स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्य : प्रदेश स्तरीय साझेदार संस्थाहरुको कार्यसमिति सदस्य वा सम्पर्क व्यक्ति मध्येबाट कुनै एक जनाले स्वागत मन्तव्य दिनेछन् । गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला संयोजक वा स्पोन्सरसीप सर्भिस तथा बाल संरक्षण अधिकृतले कार्यक्रमको उद्देश्य प्रष्ट पार्नेछन् । | |
| ६० मिनेट | घ) बालविवाह तथा बालबालिकाहरूका विद्यमान समस्या र पालिका स्तरीय बालकचहरीले पहिचान तथा प्राथमिकीकरण गरेका समस्या तथा सवालहरूमा जिल्लागत प्रस्तुति तथा अनुसन्धानमा आधारित प्रस्तुतिकरण गर्नुपर्नेछ ।<br>नोट : बालकचहरी सञ्चालन पूर्वका तयारी चरणहरूको बुँदा नं घ मा उल्लेख गरिएका विषयवस्तुमा आधारित भएर । | सम्बन्धित व्यक्तिले यो शीर्षकमा रहेर पालिका स्तरको कचहरीको निष्कर्ष र स्थानीय सरोकारवाला निकायहरूको प्रतिबद्धता सहितको साराँश प्रतिवेदन प्रस्तुत गर्नुपर्ने छ । |
| ४० मिनेट | ङ) Panel discussion<br>सामाजिक विकास मन्त्रालयको सचिव वा मन्त्रालयले तोकेको व्यक्ति, बाल अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति वा पत्रकार, कानून व्यवसायी र गुड नेवर्स इन्टरनेशनल नेपालको प्रतिनिधि | Panel discussion सहजकर्ताले सहजीकरण गर्नेछन् । |
| ३० मिनेट देखि बढीमा १ घण्टासम्म | च) खुला छलफल, प्रश्नोत्तर तथा प्रतिबद्धता: बालबालिकाहरूले प्रश्न राख्ने छन् र सम्बन्धित सरोकारवालाहरूले त्यसको जवाफ दिनुका साथै समस्या सामाधानका लागि व्यक्तिगत तथा संस्थागत प्रतिबद्धता व्यक्त गर्ने छन् । साथै घोषणा पत्र जारी गरिनेछ । | |
| १० मिनेट | छ) प्रमुख अतिथिको मन्तव्य तथा प्रतिवद्धता | |
| १० मिनेट | ज) कार्यक्रमका अध्यक्षबाट धन्यवाद ज्ञापन तथा कार्यक्रम समापन | |
| ३० मिनेट | खाजा तथा चिया | |



मानसिक, शैक्षिक लगायत प्रजनन स्वास्थ्यमा समेत गम्भीर असर पार्ने भएकोले बालविवाह बिरूद्धको अभियान विभिन्न माध्यमबाट प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यक देखिन्छ । बालविवाह बिरूद्धको अभियानलाई सघाउ पुऱ्याउन स्थानीय सरकार, जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, बालअधिकारकर्मी, शिक्षक तथा बालबालिकाहरू सबै एकै मञ्चमा उभिई बालविवाह न्यूनीकरणको लागि चिन्तन मनन गर्ने तथा सम्बन्धित सबैको प्रतिबद्धता लिने उपयुक्त माध्यम बाल कचहरी भएकोले यसको औचित्य र सार्न्दभिकता समयसापेक्ष रहेको छ ।

## बालकचहरी

### १) पालिका स्तरीय बाल कचहरी :

स्थानीय पालिकाको समन्वय तथा सहकार्यमा गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्लास्थित साझेदार संस्थाले, बालक्लबका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, शिक्षक, विभिन्न विद्यालयका बालबालिकाहरू, बाल अधिकारकर्मी, सामाजिक अभियन्ता तथा अभिभावकहरूको उपस्थितिमा पालिका स्तरीय बालकचहरीको आयोजना गर्नेछ ।

### बालकचहरी सञ्चालन पूर्वका तयारी चरणहरू :

पालिका स्तरीय बालकचहरी सञ्चालन गर्दा तपसील बमोजिमका चरणहरू क्रमबद्ध रूपले सञ्चालन गर्नु पर्दछ ।

#### क) समन्वयात्मक बैठक :

बालकचहरीबारे पालिका स्तरमा समन्वयात्मक बैठक बस्नु पर्दछ । यो बैठकले बालकचहरी कसरी सञ्चालन गर्ने, कहिले आयोजना गर्ने, स्थानीय सरकार, जनप्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, अधिकारकर्मी, बालबालिकाको क्षेत्रमा काम गरिरहेका सँघ सँस्थाहरू, विद्यालय, बालक्लब, र शिक्षकहरूको भूमिका कस्तो हुने सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल्नु पर्दछ । यो बैठक गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्लास्थित साझेदार संस्थाले सम्बन्धित सरोकारवालाहरूको समन्वय तथा सहकार्यमा आयोजना गर्नु पर्दछ ।

#### ख) समस्या पहिचान तथा प्राथमिकीकरण :

पालिका भित्र गठन भएका बालक्लबहरूको छुट्टाछुट्टै बैठक बसी बालबालिकासँग सम्बन्धित समस्याहरूको पहिचान गरिनेछ । पहिचान भएका समस्याहरू मध्ये प्रमुख ,

समस्याहरू के के हुन तिनको औचित्य तथा महत्वको आधारमा प्राथमिकीकरण गरिनेछ । बालक्लबहरूले पहिचान तथा प्राथमिकीकरण गरेका समस्याहरूलाई स्थानीय साझेदार संस्थाले संकलन गरी अन्तिम सूची तयार गर्नेछ । अन्तिम सूची तयार गर्दा साझा समस्याहरूलाई नदोहोरिने गरी क्रमबद्ध रूपमा प्राथमिकीकरण गरिनेछ । अन्तिम सूचीमा उल्लेख भएका समस्या तथा सवालहरूलाई बालकचहरीमा प्रस्तुत गरी छलफलमा ल्याईने छ ।

### ग) सहभागी तथा सहजकर्ताको पहिचान तथा छनौट :

बालबालिकाहरूले पहिचान तथा प्राथमिकीकरण गरेका समस्याहरूसँग सम्बन्धित स्थानीय सरोकारवाला व्यक्ति तथा निकायहरूको पहिचान गरिनेछ । पहिचान गरिएका सहभागीहरूको छनौट बालकचहरीमा उठाईने मुख्य सवालहरूको आधारमा तय गरिनेछ । सरोकारवाला व्यक्ति तथा निकायहरूको पहिचान तथा छनौट गर्दा कम्तीमा ३० देखि ४० जनासम्म प्रतिनिधित्व हुने गरी स्थानीय सरकार, जनप्रतिनिधि, बालबालिकाको क्षेत्रमा काम गर्ने व्यक्ति तथा संस्था, सामाजिक अभियन्ता, अधिकारकर्मी, बुद्धिजिवी, प्रहरी, सञ्चारकर्मी, परियोजना व्यवस्थापन समिति, सामुदायिक विकास समिति, शिक्षक, अभिभावक आदि मध्येबाट गरिनेछ । उपयुक्त व्यक्ति तथा सरोकावाला निकायहरूको पहिचान गरिसके पश्चात उनीहरूलाई बालकचहरी हुने सम्भावित स्थान, समय र मिति तथा यसमा छलफल गर्नु पर्ने एजेण्डाहरूबारे जानकारी दिईनेछ । त्यस्तै बालकचहरी सञ्चालनको लागि एकजना सहजकर्ता आवश्यक पर्ने भएकोले स्थानीय बालअधिकारकर्मी वा बालअधिकारको क्षेत्रमा क्रियाशील संस्थाको विषय विज्ञको पहिचान तथा छनौट गरिनेछ । छनौट भएको विषय विज्ञले **बालविवाह तथा बालबालिकाहरूका विद्यमान समस्या** शीर्षकमा प्रस्तुतिकरण दिनेछन् । उक्त प्रस्तुति अनुसन्धानमा आधारित हुनेछ ।

### घ) छलफलका विषयवस्तु तथा एजेण्डा निर्माण :

स्थानीय बालअधिकारकर्मी वा बालअधिकारको क्षेत्रमा क्रियाशील संस्थाको विषय विज्ञले अनुसन्धानमा आधारित रहेर तपसील बमोजिमका विषयवस्तुहरू समेटी प्रस्तुतीकरण दिनुपर्ने छ :

- स्थानीयस्तरमा बालविवाहको ऐतिहासिक, साँस्कृतिक, सामाजिक, आर्थिक,



## प्रदेश स्तरीय बालकचहरी सञ्चालन प्रक्रिया :

आवश्यक सामग्रीहरू : मार्कर, ह्वाईटबोर्ड, न्यूजप्रिन्ट, पेपर इत्यादि ।
समय : ३ देखि ४ घण्टा
तोकिएको स्थान, मिति र समयमा आमन्त्रित उपस्थित भइसकेपछि निम्नानुसार कचहरी संचालन गर्नु पर्दछ ।

### कार्यक्रम तालिका :

| समय | क्रियाकलापको नाम | कैफियत |
|---|---|---|
| १५ मिनेट | क) आसन ग्रहण:<br>१. अध्यक्षता: गुड नेवर्स इन्टरनेशनल नेपालको प्रदेश स्थित स्थानीय साझेदार संस्थाको अध्यक्ष वा कार्य समिति सदस्य वा सम्पर्क व्यक्ति वा प्रदेश स्तरीय बाल परिषदको अध्यक्ष<br>२. प्रमुख अतिथि: सामाजिक विकास मन्त्री वा सामाजिक विकास मन्त्रालयका सचिव वा मन्त्रालयले तोकेको प्रतिनिधि<br>३. विशिष्ट अतिथि: प्रदेश स्तरीय राजनैतिक दलको प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, बाल अधिकारको क्षेत्रमा क्रियाशील अधिकारकर्मी आदि मध्येबाट ।<br>४. अतिथिहरू: स्थानीय राजनैतिक दलको प्रतिनिधि, स्थानीय सरकारको जनप्रतिनिधि, प्रहरी, समाजसेवी, बुद्धिजिवी, अधिकारकर्मी, सामाजिक अभियन्ता, पत्रकार, शिक्षक, अभिभावक र बालक्लबको सदस्य आदि । | कृपया यसलाई आधार मात्र मान्न सकिने छ । प्रदेश स्तरीय बालकचहरी आयोजना गर्दा सम्बन्धित प्रदेशको परिवेश आदि मध्यनजर गरी आसन ग्रहण गराउने उपयुक्त विकल्पको खोजी तथा चयन गर्ने जिम्मा यहाँहरूकै हुने छ । |
| ५ मिनेट | ख) उद्घाटन:<br>प्रमुख अतिथिबाट | |

## २) प्रदेश स्तरीय बालकचहरी :

पालिका स्तरीय बालकचहरीबाट आएका सवालहरूलाई प्रदेश स्तरीय बालकचहरीमा छलफल गरिनेछ । प्रदेश स्तरीय बाल कचहरीको लागि सम्बन्धित प्रदेशमा कार्यक्रम सञ्चालन गरिरहेका स्थानीय साझेदार संस्थाहरू मध्येबाट कुनै एउटा साझेदार संस्थाले कार्यक्रम व्यवस्थापनमा मुख्य भूमिका निर्वाह गर्नेछ । प्रदेश स्तरीय बालकचहरी सामाजिक विकास मन्त्रालयको समन्वय तथा सहकार्यमा आयोजना गरिनेछ । गुड नेवर्स इन्टरनेशनल नेपालको स्थानीय साझेदार संस्थाले यसको व्यवस्थापन तथा समन्वयात्मक भूमिका निर्वाह गर्नेछ । प्रदेश स्तरीय बालकचहरीमा सामाजिक विकास मन्त्रालय, प्रदेश स्तरीय बाल परिषदका सदस्यहरू, प्रदेश स्तरीय सरोकारवाला निकाय, राजनैतिक दलका प्रतिनिधि, जिल्लाबाट प्रतिनिधित्व गर्ने स्थानीय निकायका जनप्रतिनिधि, गुड नेवर्स इन्टरनेशनल नेपाल तथा यसका जिल्ला स्थित साझेदार संस्थाका प्रतिनिधि तथा कर्मचारी, बालबालिकाको क्षेत्रमा क्रियाशील संघ संस्थाहरू, बाल अधिकारकर्मीहरू, कानून व्यवसायी तथा पत्रकारहरूको उपस्थिति रहनेछ ।

प्रदेश स्तरीय बालकचहरीको लागि बालकचहरी आयोजना हुनु एक दिन अगाडि सम्बन्धित प्रदेशको बाल परिषदका सदस्यहरू तथा स्थानीय तहको पालिका स्तरीय बालकचहरीमा सहभागी बालक्लबका प्रतिनिधिहरू सहितको बैठक बसी बालविवाह तथा बालबालिकाको मुख्य समस्याहरूको थप पहिचान तथा प्राथमिकीकरण गरिनेछ । बालबालिकाहरूले आफू मध्येबाट जिल्लाहरूको प्रतिनिधित्व र जिल्ला केन्द्रित सवाल तथा समस्याहरू समेटिने गरी प्रश्न सोध्ने बालबालिकाहरूको छनौट गर्नेछन् । तर पनि प्रश्न सोध्ने स्वतन्त्रता कचहरीमा उपस्थित सम्पूर्ण बालबालिका तथा अन्य व्यक्तिहरूलाई हुनेछ । आफूलाई लागेको जिज्ञासा जो कसैले पनि निर्धारित समय भित्र रहेर राख्न सक्ने छन् ।

बालविवाह तथा बालबालिकाहरूका विद्यमान समस्या र पालिका स्तरीय बालकचहरीले पहिचान तथा प्राथमिकीकरण गरेका समस्या तथा सवालहरूमा रहेर तयार पारिएको प्रतिवेदन जिल्लागत रूपमा प्रस्तुत गरिनेछ । सो प्रतिवेदन तयारी तथा प्रस्तुतिको लागि गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला स्थित स्थानीय साझेदार संस्थाका सम्पर्क व्यक्ति वा शिक्षा विकास अधिकृत वा अन्य कर्मचारीले गर्ने छन् ।

प्रदेश स्तरीय बालकचहरीको लागि ४ सदस्यीय विज्ञहरू बीच प्यानल छलफल गरिनेछ । प्यानलिष्टहरूको छनौट गर्दा सामाजिक विकास मन्त्रालयको सचिव वा मन्त्रालयले तोकेको व्यक्ति, बाल अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति वा पत्रकार, कानून व्यवसायी र गुड नेवर्स इन्टरनेशनल नेपालको प्रतिनिधि रहने गरी निर्धारण गर्नु पर्दछ । प्यानल छलफललाई सहजीकरण गर्न एक जना सहजकर्ताको छनौट गर्नु पर्दछ । सहजकर्ता छनौट गर्दा बालबालिकाको क्षेत्रमा क्रियाशील व्यक्ति वा सहजीकरण सीप भएको व्यक्ति मध्येबाट गर्नु पर्दछ ।



नैतिक, पारिवारिक, जातीय कारणहरू र वर्तमान अवस्था ।

- बालिका र किशोरीको लागि गुणस्तरीय शिक्षा र सशक्तिकरणको वर्तमान अवस्था, चुनौती र समाधानहरू ।
- बालविवाह विरूद्ध परिवार र समुदायको सहभागिता, परिचालनको अवस्था, चुनौती र समाधानहरू ।
- बालविवाह विरूद्ध सरकार, सामाजिक संघसंस्थाहरूले प्रवाह गरिरहेका सेवा/कार्यक्रमहरूको वर्तमान अवस्था, सार्न्दभिकता, चुनौती र समाधानहरू

### ङ) बालक्लबहरुको बैठक :

हरेक बालक्लबहरूले आ–आफ्नो विद्यालयहरूमा बालकचहरी हुने दिन भन्दा अगावै सरोकारवालाहरूसँग कस्तो विषयवस्तुमा रहेर जिज्ञासा राख्ने र कसरी बालकचहरीलाई व्यवस्थित बनाउने भन्ने सम्बन्धमा बैठक बसी छलफल गर्नुपर्ने छ । बैठकबाट पहिचान तथा प्राथमिकीकरण भएका समस्याहरूमा आधारित भएर बालक्लब गठन भएका सम्बन्धित विद्यालयका शिक्षकहरूको सहयोगमा बालबालिकाहरूले प्रश्नावली तयार गर्ने छन् । यस्ता प्रश्नावलीहरू तयार गर्दा महत्वपूर्ण तथा तत्काल सम्बोधन गर्नु पर्ने सवालहरूलाई प्राथमिकताको आधारमा सचिकृत गरिनेछ । सूचिकृत गरिएका प्रश्नहरूको जवाफ बालबालिकाहरूले पालिका स्तरीय बालकचहरीमा सम्बन्धित सरोकारवालाबाट खोज्ने छन् ।

### च) समय निर्धारण तथा पत्राचार :

यो चरणमा स्थानीय पालिका, सरोकारवाला निकाय तथा व्यक्तिहरूको समन्वयमा जिल्लास्थित साझेदार संस्थाले बालकचहरी सञ्चालनको लागि उपयुक्त स्थान, मिति र समय निर्धारण गर्नु पर्दछ । यसपछि बालकचहरीमा सहभागी हुने सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई छलफल गरिने मुख्य एजेण्डाहरू सहित कम्तीमा एक हप्ता अगावै पत्राचार गरिनेछ । पत्राचार गरिसके पश्चात सम्बन्धित सरोकारवाला निकाय तथा व्यक्तिहरूको उपस्थिति सुनिश्चित गर्नु पर्दछ ।

### छ) बालकचहरी आयोजना :

बालकचहरी सञ्चालन हुनु भन्दा केही घण्टा अगाडि प्रश्नावली सोध्ने बालबालिकाहरूले कसरी प्रश्न सोध्ने भन्ने बारे एक आपसमा सल्लाह तथा अभ्यास

गर्ने छन् । यो कार्यमा सम्बन्धित विद्यालयका सहभागी शिक्षक तथा सामुदायिक विकास परियोजनासँग सम्बन्धित कर्मचारीहरूले सहयोग गर्ने छन् । बालकचहरी बढीमा २:३० देखि ३:३० घण्टाको हुने छ ।

## ज) बालकचहरी सञ्चालन प्रक्रिया :

आवश्यक सामग्रीहरू: मार्कर, ह्वाईटबोर्ड, न्यूजप्रिन्ट, पेपर इत्यादि ।

तोकिएको स्थान, मिति र समयमा आमन्त्रित उपस्थित भइसकेपछि निम्नानुसार कचहरी संचालन गर्नु पर्दछ ।

## कार्यक्रम तालिका :

| समय | क्रियाकलापको नाम | कैफियत |
|---|---|---|
| १५ मिनेट | क) आसन ग्रहण:<br>१. अध्यक्षता: गुड नेवर्स इन्टरनेशनल नेपालको स्थानीय साझेदार संस्थाको अध्यक्ष वा कार्यसमिति सदस्य वा सम्पर्क व्यक्ति वा बालक्लबको अध्यक्ष<br>२. प्रमुख अतिथि: स्थानीय सरकारको प्रमुख वा प्रतिनिधि<br>३. विशिष्ट अतिथि: स्थानीय राजनैतिक दलको प्रतिनिधि, स्थानीय सरकारको जनप्रतिनिधि, प्रहरी प्रमुख, अधिकारकर्मी, सामाजिक अभियान्ता आदि मध्येबाट राजनैतिक दलको हकमा वर्गियता तथा जेष्ठता र अन्यको हकमा सम्बन्धित क्षेत्रको योगदान तथा अनुभवको आधारमा ।<br>४. अतिथिहरू: स्थानीय राजनैतिक दलको प्रतिनिधि, स्थानीय सरकारको जनप्रतिनिधि, प्रहरी, समाजसेवी, बुद्धिजिवी, अधिकारकर्मी, सामाजिक अभियन्ता, पत्रकार, शिक्षक, अभिभावक र बालक्लबको सदस्य आदि । | कृपया यसलाई आधार मात्र मान्न सकिन्छ । बालकचहरी आयोजना गर्दा सम्बन्धित जिल्लाको परिवेश आदि मध्यनजर गरी आसन ग्रहण गराउने उपयुक्त विकल्पको खोजी तथा चयन गर्ने जिम्मा यहाँहरूकै हुनेछ । |



| समय | क्रियाकलापको नाम | कैफियत |
|---|---|---|
| ५ मिनेट | ख) उद्घाटन:<br>प्रमुख अतिथिबाट | |
| १५ मिनेट | ग) स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्य : जिल्लास्थित रहेको साझेदार संस्थाले स्वागत मन्तव्य दिनेछन् । गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्ला संयोजक वा स्पोन्सरसीप सर्भिस तथा बाल संरक्षण अधिकृतले कार्यक्रमको उद्देश्य प्रष्ट पार्नेछन् । | |
| ३० मिनेट | घ) बालविवाह तथा बालबालिका सम्बन्धी विद्यमान समस्या बारेको प्रस्तुतिकरण ।<br>नोट : बालकचहरी सञ्चालन पूर्वका तयारी चरणहरूको बुँदा नं घ मा उल्लेख गरिएका विषय वस्तुमा आधारित भएर । | सम्बन्धित विषय विज्ञलाई यो शीर्षकमा रहेर प्रस्तुति तयारीको लागि पूर्व सूचना दिई सुनिश्चित गर्नु पर्दछ । |
| १ घण्टा देखि बढीमा १ घण्टा ३० मिनेट | ङ) प्रश्नोत्तर तथा प्रतिबद्धता :<br>बालबालिकाहरू र अन्य व्यक्तिले सरोकारवालाहरू समक्ष प्रश्न राख्ने छन् भने सम्बन्धित सरोकारवालाहरूले त्यसको जवाफ दिनुका साथै समस्या सामाधानका लागि व्यक्तिगत तथा संस्थागत प्रतिबद्धता व्यक्त गर्ने छन् । | |
| १५ मिनेट | च) प्रमुख अतिथिको मन्तव्य तथा प्रतिवद्धता | |
| १० मिनेट | छ) कार्यक्रमका अध्यक्षबाट धन्यवाद ज्ञापन तथा कार्यक्रम समापन | |
| ३० मिनेट | खाजा तथा चिया | |

नोट: कार्यक्रमको समापन पश्चात मुख्य छलफलका एजेण्डा, समस्या, समस्या समाधानका उपायहरू र प्रतिबद्धता आदिलाई समेटर प्रतिवेदन तयार गर्नु पर्दछ । प्रतिवेदनमा प्रदेश स्तरीय बाल कचहरीमा उठाउनु पर्ने मुख्य विषयवस्तुहरूलाई पनि स्पष्टसँग खुलाउनु पर्दछ ।